# भिक्टोरियाको एकल-प्रयोग प्लास्टिक प्रतिबन्ध

Nepali | नेपाली



## प्लास्टिक प्रदूषणले हाम्रो वातावरण र वन्यजन्तुलाई हानि पुऱ्याउँछ।

हामीले हाम्रो वातावरणमा देख्ने फोहोरको एक तिहाइ भाग एकल-प्रयोग प्लास्टिकको हुन्छ र यो सफा गर्न गाह्रो र महँगो हुन्छ।

तिनीहरू प्रायः केही मिनेटको लागि मात्र प्रयोग गरिन्छ र ठूलो मात्रामा फोहोर उत्पन्न गर्दछ जुन रिसाइकल गर्न गाह्रो हुन्छ। यसले हाम्रो वातावरणलाई परम्परागत प्लास्टिक वस्तुहरूले जस्तै प्रदूषित गर्न सक्छ।

कुहिने र सड्ने प्लास्टिकलाई अझै पनि विशेष प्रशोधन चाहिन्छ। फोहोर फाल्दा सबै प्रकारका प्लास्टिक वातावरणका लागि हानिकारक हुन सक्छ।

## केही एकल-प्रयोग का प्लास्टिकहरू अब प्रतिबन्धित छन्।

निम्न एकल-प्रयोग प्लास्टिक वस्तुहरू भिक्टोरियामा बिक्री वा आपूर्तिमा प्रतिबन्धित छन्:

- ✕ **पिउनको लागि प्रयोग गरिने स्ट्रहरु**
- ✕ चक्कु, काँटाचम्चा, चम्चा, चपस्टिक, स्पोर्क, स्प्लेड, फूड पिक्स र स्पोर्क लगायतका **कटलरीहरु**
- ✕ **थालीहरु**
- ✕ **ड्रिंक स्टेर्रस (drink stirrers)**
- ✕ **कटन बड्स स्टिकहरू**
- ✕ **विस्तारित polystyrene खाना सेवा का वस्तुहरू र पेय कन्टेनरहरू** सहित:
  - थालीहरु
  - कपहरु
  - कचौराहरु
  - ढक्कन सहितको कचौराहरु (क्लाम शेल्स) (clam shells)
  - ढाक्ने बस्तु वा ढक्कनहरु।

प्रतिबन्धित एकल-प्रयोग प्लास्टिक वस्तु त्यो हो जो पूर्ण रूपमा वा प्लास्टिकको अंशबाट बनाइएको हुन्छ र पुन: प्रयोग गर्न योग्य हुदैन।

यो प्रतिबन्ध बायोडिग्रेडेबल, डिग्रेडेबल र कम्पोस्टेबल प्लाष्टिकमा लागु हुनेछ।

पुन: प्रयोगजन्य वस्तुहरू धेरै पटक एउटै उद्देश्यका लागि प्रयोग गर्न निर्मित वस्तुहरू हुन् जुन कम्तिमा एक वर्षको लागि डिजाइन गरिएको हो र निर्माताबाट वारेन्टी वा अन्य लिखित विशेषताका साथ आउँछन्।

यदि अनुरोध गर्ने कुनै व्यक्ति, वा तिनीहरूको लागि कार्य गर्ने व्यक्तिलाई अपाङ्गता वा चिकित्साको आवश्यकताका कारण एकल-प्रयोग गर्ने प्लाष्टिकका पिउने स्ट्राहरू आवश्यक भएको यथोचित रूपमा विश्वास गरेको खण्डमा सो बेच्ने, आपूर्ति गर्ने, वितरण गर्ने वा उपलब्ध गराउने व्यक्तिको लागि यो अपराध होइन।

थप जानकारीको लागि, **वातावरण संरक्षण नियम २०२१** को भाग ५.५ हेर्नुहोस्।

EPA VICTORIA

VICTORIA State Government

epa.vic.gov.au/plastics

## प्रतिबन्धमा केही अपवादहरू छन्।

प्रतिबन्धका अपवादहरू विकल्पहरू उपलब्ध नभएको खण्डमा वा विशेष स्वास्थ्य र सुरक्षाका कारणहरूका लागि मात्र हुन्।

एकल-प्रयोग प्लास्टिकका वस्तुहरूको प्रयोग गर्नका लागि ४ अपवादहरू छन्:

- ✓ **परीक्षणका लागि प्रयोग गरिने प्लास्टिकका कटन बड्सहरु** जुन वैज्ञानिक, चिकित्सा, फोरेन्सिक वा कानून प्रवर्तनको उद्देश्यका लागि हुन्छ
- ✓ **सुधारात्मक र मानसिक स्वास्थ्य सुविधाहरूमा** शारीरिक हानि वा चोटबाट बच्न आवश्यक पर्ने कटलरी
- ✓ १ नोभेम्बर २०२४ सम्म **प्लास्टिकका भएका कागजजन्य वा कार्डबोर्ड प्लेटहरू**
- ✓ १ जनवरी २०२६ सम्म **कुनै पनि एकल-प्रयोग प्लास्टिकका वस्तुहरू जुन खाना वा पेय पदार्थ प्याकेजिङमा स्वचालित मेसिनको प्रक्रियाद्वारा समावेश गरिन्छ।** उदाहरणका लागि, दहीको टबमा समावेश गरिएको एकल-प्रयोग प्लास्टिकको चम्चा।

तपाईं **नियम** अनुसार वस्तुहरु को उपयोग गर्दै हुनुहुन्छ भनेर तपाईंको आपूर्तिकर्तालाई लिखित कागजात प्रदान गर्न चाहानुहुन्छ।

## तपाईंले के गर्न आवश्यक छ

यो प्रतिबन्ध निम्न लगायत सबै व्यवसाय र संगठनहरूमा लागू हुन्छ:

- **गैर-नाफा मुलक संस्थाहरू**
- **खेलकुद क्लबहरू**
- **विद्यालयहरू**
- **अन्य दर्तावाल संस्थाहरू**
- **रेस्टुरेन्ट, क्याफे र अन्य खाना खाने स्थान हरु**
- **साना किराना पसलहरू।**

माथि सूचीबद्ध अपवादहरू बाहेक, निम्न कुराहरु गर्न कानून विरुद्ध हुन्छ:

- भिक्टोरियामा प्रतिबन्धित एकल-प्रयोग प्लास्टिक वस्तुहरू बिक्री, आपूर्ति, वितरण वा उपलब्ध गराउनु
- प्रतिबन्धित वस्तुहरू केले बनाइएका छन् भन्ने बारे गलत वा भ्रामक जानकारी प्रदान गर्नु।

यदि तपाईंसँग १ फेब्रुअरी २०२३ अघि खरिद गरिएका प्रतिबन्धित वस्तुहरूको बाँकी छ भने, तपाईंले निम्न कुरा गर्न सक्नुहुन्छ:

- नयाँ मापदण्ड पुरा गरेका बस्तु संग साट्ने वा पैसा फिर्ता गर्ने व्यवस्था छ कि भनेर आफ्नो आपूर्तिकर्तालाई सम्पर्क गर्नुहोस्
- ठूलो मात्रामा रिसाइकल गर्न सकिन्छ कि सकिन्न भनेर स्थानीय रिसाइकल गर्ने व्यक्तिलाई सम्पर्क गर्नुहोस्।

तपाईंले यी वस्तुहरूलाई रिसाइक्लिंग बिनहरूमा राख्न सक्नुहुन्न।

हामीले प्रतिबन्ध बारे बुझाउन का लागि व्यवसायहरूसँग काम गरिरहेका छौं। हामीले भिक्टोरियाभरि ६,५०० भन्दा बढी खुद्रा र अतिथि सत्कार उद्योग व्यवसायहरूसँग भेट गरिसकेका छौं।

हाम्रा प्रयासहरूलाई ध्यान केन्द्रित गर्दै हामी अनुपालनको लागि फराकिलो दृष्टिकोण लिन्छौं, जहाँ हामीले सबैभन्दा ठूलो फरक पार्न सक्छौं। जब हामी हाम्रा नियामक उपकरणहरू प्रयोग गर्छौं, हामी सुनिश्चित गर्छौं कि तिनीहरू समस्या र लक्षित परिणाममा केन्द्रित छन्।

थप जानकारीको लागि, हाम्रो **अनुपालन र प्रवर्तन नीति** हेर्नुहोस्।

यदि तपाईंले प्रतिबन्धको पालना गर्नुभएन भने, व्यक्तिहरूको लागि $११,०९५.२० सम्म वा निकाय कर्पोरेटहरूको लागि $५५,४७६ सम्मको जरिवाना लाग्न सक्छ।

प्रतिबन्ध अन्य राज्यहरू बीच फरक हुन्छ। भिक्टोरियाको कानून बुझ्नु र पालना गर्नु तपाईंको जिम्मेवारी हो। यदि तपाईं भिक्टोरिया बाहिर काम गर्नुहुन्छ भने, प्रत्येक राज्यको कानून बुझ्नुहोस्।